नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङ वेशी, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४ चलानी नं. सूचना मितिः २०८३/०८/०७

वैदेशिक रोजगार सन्ततती छात्रवृत्ति सहायताका लागि निवेदन पेश गर्ने बारेको सूचना

सूचना प्रकाशन मितिः२०८३/०८/०७

वैदेशिक रोजगार वोर्डको सचिवालय, ववरमहल, काठमाडौको मिति २०८२/०८/०४ गते प्रकाशित सूचना अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई तोकिएको अवधि भित्र मृत्यू, अंगभंग, जटिल विरामी भैइ कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारहरूका सन्ततीलाई वैदेशिक रोजगार सन्ततती छात्रवृत्तिका लागि आफू अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्ततती छात्रवृत्ति सञ्चालन कार्यविधि २०८० को अनुसुचि (१) को ढाँचामा २०८३ साल माघ मसान्त भित्र आवश्यक कागजात पत्र सहित यस नगरपालिकामा निवेदन पेश गर्नु हुन सम्वन्धित सवै सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) पहिले देखिनै छात्रवृत्ति पाईरहेका छात्र/छात्राले पेश गर्नु पर्ने आवश्यक कागजातहरू
- अनुसुचि (१) वमोजिमको ढाँचामा निवेदन,
- कामदारको राहदानीको प्रतिलिपि,
- अध्ययन गरीरहेका कक्षा खुल्ने विद्यालयको सिफारिस पत्र,
- आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता (चेकको प्रतिलिपि)

२) यस आ.व.मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राले पेश गर्नुपर्ने आवश्यक कागजातहरू
- अनुसुचि (१) वमोजिमको ढाँचामा निवेदन,
- कामदारको राहदानीको प्रतिलिपि,
- अध्ययन गरीरहेका कक्षा खुल्ने विद्यालयको सिफारिस पत्र,
- जन्मदर्ताको प्रतिलिपि,
- अभिभावकको नागरिकताको प्रतिलिपि,
- कामदार, अभिभावक र विद्यार्थीको नाता प्रमाणपत्रको प्रतिलिपि,
- आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैक खाता (चेकको प्रतिलिपि)

थप जानकारीको लागि
०१०५०५६८/९८४३७९४२२२, रोजगार, सीप तथा उद्यमशीलता सेवा केन्द्र, नीलकण्ठ नगरपालिका धादिङ ।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

युवा, श्रम तथा रोजगार तथा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं ।

वैदेशिक रोजगार सन्ततती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सुचना !

सूचना प्रकाशित मिति:२०८३/०८/०

वैदेशिक रोजगार बोर्डको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक योजना, कार्यक्रम तथा बजेट अनु श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु, अगभंग वा बिरामी भई कल्याणकारी कोषबाट यस सचिवालयमा शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका सन्ततीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहे अनुसार योग पुगेका श्रमिक परिवार तथा सम्बन्धित सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. छात्रवृत्ति प्राप्त गर्ने लक्षित वर्ग:

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगारु बोर्ड शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका श्रमिकका सन्ततीं।
- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा न वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरू ।
- निवेदन दिने अन्तिम मितिसम्म शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका सन्ततीलाई मात्र छात्र उपलब्ध गराइनेछ। कागजात पूर्ण भई प्राप्त भएका बखत नै सचिवालयबाट रकम भुक्तानी गरिनेछ।

२. छात्रवृत्तिको रकमको सीमा:

- आधारभूत तहमा अध्ययनरत विद्यार्थीका लागि वार्षिक रूपमा रू. १२,०००। (बाह्र हजार) र माध्यमिक त अध्ययनरतका लागि वार्षिक रूपमा रू. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ ।
- एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रूपमा एकमुष्ट छात्रवृत्ति रकम बैंक खाता मार्फत उपल गराइनेछ। कक्षा दोहोरिएको हकमा छात्रवृति रकम पाइने छैन।

३. छात्रवृत्ति प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु:

अ) यस अघि देखिनै नियमित छात्रवृत्ति पाइरहेकाको हकमा:

१. छात्रवृत्ति प्राप्तिको लागि निवेदन,
२. श्रमिकको राहदानीको प्रतिलिपि,
३. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
४. स्थानीय तहको सिफारिस
५. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि)।

आ) आ. ब. २०८३/०८४ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राहरूले पेश गर्नु पर्ने कागजात:

१. छात्रवृत्ति प्राप्तिको लागि निवेदन,
२. श्रमिकको राहदानीको प्रतिलिपि,
३. मृतकको हकमा मृत्युदर्ताको प्रमाणपत्र र बिरामी तथा अंगभंग श्रमिकको हकमा बिरामी भएको प्रमाणि गर्ने मान्यता प्राप्त चिकित्सको प्रमाणपत्र,
४. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
५. स्थानीय तहको सिफारिस,
६. विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि,
७. श्रमिक, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
८. आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

४. छात्रवृत्तिका लागि निवेदन पेश गर्ने अन्तिम मिति: २०८३ फागुन मसान्त । (२०८३ फागुन मसान्त भि आवश्यक सम्पूर्ण कागजात सहित विवरण Foreign Employment Welfare Information Management Syste FEWIMS प्रणालीमा प्रविष्ट भईसकेको आवेदन मात्र छात्रवृत्ति उपलब्ध गराइने छ।)

५. विद्यार्थी एवं अभिभावकको जिम्मेवारी:

- सूचना प्राप्त भएपश्चात् आफ्नो स्थानीय तहको रोजगार सेवा केन्द्रमा रोजगार संयोजकसँगको समन्वय आवश्यक कागजात तयार गरी बोर्डको सचिवालयबाट सञ्चालित FEWIMS प्रणालीमा रोजगार सेवा के मार्फत बोर्डको सचिवालयमा पठाउने।
- विद्यार्थी आफ्नो स्थायी ठेगाना भन्दा अन्यत्र पढ्ने भएमा नाता प्रमाणित लगायत बढा कार्यालयबाट गर्नु कागजात आफ्नै स्थानीय तहबाट बनाई छात्रवृत्तिको निवेदन दिन सक्ने ।

६. विद्यालयको जिम्मेवारी:

- छात्रवृत्ति प्राप्त गर्ने योग्यता पुगेका विद्यार्थीहरुको निवेदन ग्रहण गरी विद्यार्थी अध्ययनरत कक्षा खुल सिफारिस प्रदान गर्ने।

७. स्थानीय तहको जिम्मेवारी:

- विद्यालयबाट प्राप्त वैदेशिक रोजगार छात्रवृत्ति सिफारिसको आधारमा छात्रवृत्तिका लागि बोर्डको सचिवा समक्ष सिफारिस गर्ने।
- तोकिएको म्याद (२०८३ फागुन मसान्तभित्र) भित्र सचिवालयको FEWIMS प्रणाली मार्फत मसान्तभि छात्रवृत्तिका आवेदन प्रविष्ट गराइसक्ने व्यवस्था मिलाउने ।

नोट: थप जानकारीका लागि श्रमाधान कल सेन्टरको निःशुल्क सम्पर्क नम्बर ११४१ वा बोर्डको सचिवालयको फोन नं. ०१ ५३२०३११/४३३/५६७ मा सम्पर्क गर्न सकिनेछ।

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा

मिति : .....

श्री प्रधानाध्यापकज्यू

.....

विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको .....वैदेशिक रोजगारीका सिलसिलामा मिति ..... मा ..... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

विद्यालयको सिफारिसको ढांचा

मिति : .....

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

.....पालिका ,.....।

विषय : सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

क्र. सं.	विद्यार्थीको नाम	कक्षा	जन्म मिति	श्रमिकको राहदानी नं.	वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य	वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता	मृत्यु वा अशक्त	कैफियत

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको)नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नम्बर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव